# नेपाल पत्रकार महासंघ
# Federation of Nepali Journalists (FNJ)
केन्द्रीय समिति,सञ्चारग्राम, काठमाडौं, नेपाल


मिति : २०८२।१२।१६

## प्रेस विज्ञप्ति

पत्रकार सञ्जय मिश्रलाई सामाजिक सञ्जाल फेसबुकमा असभ्य भाषाले गालीगलौज गरिएकोमा नेपाल पत्रकार महासंघको ध्यानाकर्षण भएको छ ।

आम जनता पार्टीका सचिवालय सदस्यको राजीनामाको विषयमा लेखिएको समाचारलाई लिएर I support prabhu नामक आइडीबाट यस्तो हर्कत भएको महासंघ रौतहट शाखाले जनाएको छ ।

समाचारमा चित्त नबुझे प्रचलित बिधिअनुसार समाधान नखोजी व्यक्तिको सामाजिक प्रतिष्ठामा मानमर्दन गरिनु निन्दनीयमात्र होइन सामाजिक अपराध हो ।

महासंघ यस्तो घटनाको छानबिन गरी दोषीउपर कारबाहीको प्रक्रिया अगाडि बढाउन र प्रेसलाई संवैधानिक अधिकार उपभोगमा सघाउन सम्बन्धित निकायसँग माग गर्दछ ।

रामप्रसाद दाहाल
महासचिव